https://edolakha.com/news on February 06, 2019

# गाईको दुध उत्पादन बढाउन जिरीमा जमरा प्रविधिको घाँस

*Wednesday, February 6th, 2019*

**दुर्गा बस्नेत ।**

**जिरी (दोलखा), २३ माघ ।**

दोलखाको पर्यटकीय नगरी जिरीमा रहेको गाई आनुवांशिक स्रोत केन्द्रले नेपालको सरकारी फार्महरुमा पहिलोपटक हरियो घाँस उत्पादनका लागि जमरा प्रविधि सुरु गरेको छ ।

केन्द्रले 'हाईड्रोपोनिक्स मिल्किंग मेसिन मिल्क एनालाइजर सोलार वाटर' सञ्चालनमा ल्याएसँगै नेपालमै पहिलो पटक हरियो घाँस उत्पादनका लागि जिरीमा जमरा प्रविधि सुरु भएको हो । सो मेसिन तीन वर्षदेखि जडान भए पनि यसअघि सञ्चालनमा आउन सकेको थिएन । सो मेसिनमार्फत एक किलो अन्नबाट एकसातामा ५ किलो जमरा उत्पादन गर्न सकिनेछ । गाई आनुवांशिक स्रोत केन्द्र जिरीले फार्म दिवसको अवसरमा चालु आर्थिक वर्षको ४ महिनाको प्रगति विवरण सार्वजनिक गर्दै यस्तो जानकारी गराएको हो ।



मेसिन जडान भएर हरियो घाँस उत्पादन भएसँगै दुध उत्पादनमा समेत बृद्धि भएको गाई आनुवांशिक स्रोत केन्द्र जिरीका प्रमुख शंकर शाहले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्षको चार महिनाको अवधिको तुलनामा चालु वर्ष गाईको दुध उत्पादनमा ४६ प्रतिशतले र उत्पादकत्वमा ३१ प्रतिशतले बृद्धि भएको छ । उत्पादनमा वृद्धि भएसँगै राजश्व समेत बढेको छ । गत वर्षको चार महिनाको तुलनामा चालु वर्षको सोही अवधिमा राजश्वमा २७ प्रतिशतले बृद्धि भएको केन्द्रले जनाएको छ ।

**७९ वटा जर्सी क्रप्स गाई**

आनुवांशिक स्रोत केन्द्र जिरीमा हाल ७९ वटा जर्सी क्रप्स जातका गाईहरु रहेका छन् । ती मध्ये ३७ वटा गाई दुधालु रहेको छ भने २० वटा गर्भिणाी गाई तथा २ वटा साँढे र २० वटा बाछाबाच्छी रहेका छन् । जिरी बजार नजिक ८५ हेक्टर जमिनमा करिब ५६ वर्षअघि स्थापना गरिएका महत्वपुर्ण संरचना समेत रहेको आनुवांशिक स्रोत केन्द्रसँग कम्तीमा ५ सय गाई तथा सोही संख्यामा बंगुर पालन गर्न सक्ने क्षमता भएपनि हाल ७९ वटा गाई तथा १७ वटा पोथी र ३ वटा भाले गरी जम्मा २० वटा बंगुर मात्रै रहेका छन् । पर्यटकीय नगरी जिरीमा पशुविकास फार्मको रुपमा स्थापना भएको फार्म २०२० साल माघ २३ गते राजा महेन्द्रबाट समुद्धघाटन भई नेपाल सरकारको मातहतमा सञ्चालन भईरहेकाले सोही दिनलाई आधार मानेर यो वर्षबाट स्थापना दिवस मनाउन सुरु गरिएको हो ।

**बाहिरी चहलपहल बढेको भन्दै असन्तुष्टि**

दोलखाको पर्यटकीय नगरी जिरीमा स्थापना भएको गाई आनुबांशिक स्रोत केन्द्रले आज फार्म स्थापना दिवस मनाएको छ । केन्द्रले आज जिरीस्थित गाई आनुबांशिक स्रोत केन्द्रमा एक कार्यक्रमको आयोजना गरी फार्म दिवस मनाएको हो । कार्यक्रमको जिरी नगरपालिकाका मेयर टंक जिरेलले उद्धघाटन गर्नुभयो । कार्यक्रममा उद्धघाटन मन्तव्य व्यक्त गर्दै जिरी नगरपालिकाका प्रमुख जिरेलले जिरीमा सञ्चालित आनुवांशिक स्रोत केन्द्रमा बाहिरी चहलपहल बढेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो ।



**फार्म स्थापना दिवसमा कर्मचारीलाई सम्मान**

कार्यक्रमको अवसरमा गाई आनुवांशिक स्रोत केन्द्रका पुर्व कर्मचारीहरु शेर बहादुर जिरेल, नर बहादुर जिरेल, धन बहादुर जिरेल, नेत्र बहादुर खत्री, दिल बहादुर खड्का, झपड बहादुर खड्का, छत्र बहादुर जिरेल, इन्द्र बहादुर जिरेल, केशर बहादुर जिरेल, चक्रमान जिरेल, अनराज कार्की लगायतलाई सम्मान गरीएको थियो । दिवसको अवसरमा जिरी नगरपालिका वडा नम्बर ५ मा रहेको ढुंगे माविमा सञ्चालन गरीएको निवन्ध प्रतियोगीताका विजेताहरुलाई पुरस्कार समेत वितरण गरीएको छ । प्रतियोगीतामा प्रथम भएकी अन्जना जिरेल, द्धितिय भएकी सितामाया जिरेल र तृतीय याङजी शेर्पालाई कार्यक्रमका प्रमुख अतिथि जिरेलले पुरस्कार वितरण गर्नुभयो ।

जिरी नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष गोपाल कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय पशुपंक्षि स्रोत व्यवस्थापन तथा प्रवद्र्धन कार्यालयका प्रमुख पशु विकास अधिकृत रुद्र प्रसाद पौडेल, जिल्ला समन्वय समिति दोलखाकी उपप्रमुख मनमाया जिरेल, नेकपा जिरीका इन्चार्ज मित्र बहादुर जिरेल लगायत विभिन्न कार्यालयका प्रमुख एवम् प्रतिनिधिको उपस्थिति थियो ।

***२३ माघ, २०७५ । ६ः ३० बजे प्रकाशित ।***